नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय
सामान्य सेवा विभाग

## नेपाल बैंक लिमिटेडका प्रधान कार्यालय, बिरौटा शाखा, समनपुर शाखा र सबेला शाखामा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०६/१५)**

नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय भवन नं ३ मा अवस्थित भ-याङ्गमा ग्रेनाईट तथा UPVC झ्याल राख्ने र यस बैंकको कास्की जिल्ला स्थित बिरौटा शाखा, रौतहट जिल्ला स्थित समनपुर शाखा र धनुषा जिल्ला स्थित सबेला शाखा स्थापनाको लागि लिईएको नँया भाडाको भवनमा शाखा संचालनको लागी काउण्टर, आल्मुनियम पर्टिशन, आल्मुनियम ढोकाहरु, हेल्पडेस्क, फलामे केज आदि निर्माण साथै फल्स् सिलिङ्ग, रंगरोगन, लगायतका सिभिल तथा AC, CCTV सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००01 वा बिरौटा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं ४ पोखरामा, समनपुर शाखाको लागि गौर शाखामा र सबेला शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट वा बिरौटा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं ४ पोखराबाट, समनपुर शाखाको लागि गौर शाखाबाट र सबेला शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्बन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा र बिरौटा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं ४ पोखरामा, समनपुर शाखाको लागि गौर शाखामा र सबेला शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**<u>तपसिल</u>**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित धरौटी वापत यस बैंकको प्रधान कार्यालयको लागि काठमाडौ बैकिङ्ग अफिसको लागि खाता नं ००२००१०६७११२८००००००१मा वा बिरौटा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं ४ पोखरामा, समनपुर शाखाको लागि गौर शाखामा र सबेला शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क'वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तीम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।
बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/०७/१४ गते बिहिबार कार्यालय समय भित्र ।
बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/०७/१५ गते शुक्रवार बिहान ११:०० बजे भित्र ।
बोलपत्र दाखिला गर्ने स्थान :-प्रधान कार्यालयको लागि प्र.का.सामान्य सेवा विभाग, बिरौटा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं४ पोखरामा, समनपुर शाखाको लागि गौर शाखामा र सबेला शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा बोलपत्र दाखिला गर्नु पर्नेछ ।

६) थप विवरण :-

| कार्यालय/ शाखा | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | बोलपत्र धरौटी वापत रकम | बोलपत्र फाराम प्राप्त गर्ने स्थान | बोलपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम |
|---|---|---|---|---|---|
| **प्रधान कार्यालय** | ३० दिन | रु.५७,०००/- (अक्षरेपी सन्ताउन्न हजार मात्र), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग । | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग । २०७६/०७/१५गते शुक्रवार दिउसो १२:३० बजे | रु.२२,७५,६८४/- (अक्षरेपी बाईस लाख पचहत्तर हजार छ सय चौरासी मात्र। |

| | | | | | |
|---|---|---|---|---|---|
| **बिरौटा** | ४५ दिन | रु.७७,०००/- (अक्षरेपी सतहत्तर हजार मात्र।), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं ४ पोखरा । | ने.बै.लि. गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं४ पोखरा २०७६/०७/१५ गते शुक्रवार दिउसो १२:३० बजे | रु.३०,५३,४५४/४८ (अक्षरेपी तिस लाख त्रिपन्न हजार चार सय चौवन्न र पैसा अड्चालिस मात्र ।) |
| **समनपुर** | ६० दिन | रु.९१,०००/- (अक्षरेपी एकानब्बे हजार मात्र।), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र गौर शाखा । | ने.बै.लि. गौर शाखा २०७६/०७/१५ गते शुक्रवार दिउसो १२:३० बजे | रु.३६,१८,७१६/५६ (अक्षरेपी छत्तिस लाख अठार हजार सात सय सोह्र र पैसा छपन्न मात्र ।) |
| **सबेला** | ६० दिन | रु.९६,०००/- (अक्षरेपी छयानब्बे हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र ज.चु.का.कम्पाउण्ड शाखा । | ने.बै.लि. ज.चु.का.कम्पाउण्ड शाखा २०७६/०७/१५ गते शुक्रवार दिउसो १२:३० बजे | रु.३८,२२,६२५/९६ (अक्षरेपी अड्तिस लाख बाईस हजार छ सय पच्चीस र पैसा छयानब्बे मात्र ।) |

**नोट : बोलपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट बोलपत्र खोलिनेछ ।**